# प्रेस विज्ञप्ती

श्रावण २६, २०७७

## सिद्धार्थ बैंकको चौथो त्रैमासको वित्तीय विवरण

सिद्धार्थ बैंक लिमिटेडले आ.व. २०७६।७७ को चौथो त्रैमासको अपरिष्कृत वित्तीय विवरण प्रकाशन गरेको छ । सो अनुसार आ.व. २०७६।७७ मा बैंकको निक्षेप रु. २३.४ अर्बले वृद्धि तथा रु. २.५ अर्बको ऋणपत्र निष्काशन गरी रु. २५.९ अर्बको स्रोत संकलन गर्न सफल भएको छ । त्यस्तै, सो आ.व. मा रु. १८.८८ अर्ब बराबरको कर्जा प्रवाह गरेको छ । बैंकको कूल सम्पत्ति रु. १८२.६७ अर्ब रहेको छ जुन गत आ.व. भन्दा २०.५% ले वृद्धि भएको छ ।

कोभिड-१९ महामारीको असरको बावजुत पनि बैंकले रु. ३.७९ अर्बको नोक्सानी व्यवस्था अघिको संचालन मुनाफा आर्जन गर्न सफल भएको छ जुन गत आ.व. भन्दा रु. ३२ करोडले बढि हो । बैंकले रु. २.०९ अर्ब खुद मुनाफा आर्जन गरेको छ र सो मुनाफा मध्ये रु. ८७ करोड र ऋणपत्र परिपक्व भएको रकम सहित रु. १२४ करोड वितरणयोग्य रकम रहेको छ ।